सर्वोच्च अदालतको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन सम्बन्धी प्रेस विज्ञप्ती

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरुप सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन मिति २०७६।०९।०७ मा प्रस्तुत गर्नुभयो। प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत तथा अन्य अदालत तथा न्यायाधिकरणबाट भएका न्याय सम्पादन सम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक समस्या, चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदन सारसंक्षेप यसप्रकार छ।

१. मुद्दा फछ्र्यौटतर्फ

<u>देशभरीको समग्र स्थिति</u>

सर्वोच्च अदालत लगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको ९४,५५२ (चौराननब्बे हजार पाँच सय बाउन्न) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,७६,४७८ (दुई लाख छयत्तर हजार चार सय अठत्तर) गरी जम्मा मुद्दाको बार्षिक लगत ३,७१,०३० (तीन लाख एकहत्तर हजार तीन) कायम भएकोमा सोमध्ये २,६५,१९२ (दुई लाख पैसठ्ठी हजार एक सय बयाननब्बे) अर्थात् ७१.४७ प्रतिशत मुद्दा फछ्र्यौट भई १,०५,८३८ (एक लाख पाँच हजार आठ सय अठ्तीस) बाँकी रहन गएको छ । गत आर्थिक वर्ष १८१६११ (एक लाख एकासी हजार छ सय एघार) मुद्दा फछ्र्यौट भएको थियो। गत वर्षको मुद्दा फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा ४६ प्रतिशतले बढी भएको देखिएको छ।

<u>सर्वोच्च अदालत</u>

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको २०,२९८ (बीस हजार दुई सय अन्ठान्नब्बे) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १४,६२४ (चौध हजार छ सय चौबीस) गरी जम्मा मुद्दाको लगत ३४,९२२ (चौतीस हजार नौं सय बाइस) कायम भएकोमा सोमध्ये १०,७४२ (दश हजार सात सय बयालीस) अर्थात् ३०.७६ प्रतिशत मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा २४,१८० (चौबीस हजार एक सय असी) बाँकी रहेको छ। गत आर्थिक वर्ष १२४१९ (बाह्र हजार चार सय उन्नाइस) मुद्दा फछ्र्यौट भएको थियो। गत वर्षको मुद्दा फछ्र्यौटको तुलनामा यस यस आर्थिक वर्षमा १३.५ प्रतिशतले घटी मुद्दा फछ्र्यौट भएको छ।

उच्च अदालत

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १५,३८७ (पन्ध्र हजार तीन सय सतासी) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ४४,६८३ (चवालीस हजार छ सय त्रियासी) गरी मुद्दाको जम्मा लगत ६०,०,७० (साठी हजार सहत्तरी) कायम भएकोमा ४४,४८८ (चवाली हजार चार सय अठासी) अर्थात् ७४.०६ प्रतिशत मुद्दा फछ्र्यौट भई १५,५८२ (पन्ध्र हजार पाँच सय बयासी) बाँकी रहेको छ। गत आर्थिक वर्ष ३७८४९ (सैतीस हजार आड सय उनान्चास) मुद्दा फछ्र्यौट भएको थियो। गत वर्षको मुद्दा फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा १७.५४ प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको छ।

जिल्ला अदालत

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको ५७,७८५ (सन्ताउन्न हजार सात सय पचासी) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,१४,९२६ (दुई लाख चौध हजार नौं सय छब्बीस) गरी मुद्दाको जम्मा लगत २,७२,७११ (दुई लाख बहत्तर हजार सात सय एघार) कायम भएकोमा २,०८,००६ (दुई लाख आठ हजार छ) अर्थात् ७६.२७ प्रतिशत मुद्दा फछ्र्यौट भई ६४,७०५ (चौंसठ्ठी हजार सात सय पाँच) बाँकी रहेको छ। गत आर्थिक वर्ष १३०२९२ (एक लाख तीस हजार दुई सय बयाननब्बे) मुद्दा फछ्र्यौट भएको थियो। गत वर्षको मुद्दा फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा ६० प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको छ।

अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १,०८२ (एक हजार बयासी) र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,२४५ (दुई हजार दुई सय पैंतालीस) गरी मुद्दाको जम्मा लगत ३,३२७ (तीन हजार तीन सय सत्ताईस) कायम भएकोमा १,९५६ (एक हजार नौं सय छपन्न) अर्थात् ५८.७९ प्रतिशत मुद्दा फछ्र्यौट भई १,३७१ (एक हजार तीस सय एकहत्तर) बाँकी रहेको छ। गत आर्थिक वर्ष १०५१ (एक हजार एकाउन्न) मुद्दा फछ्र्यौट भएको थियो। गत वर्षको मुद्दा फछ्र्यौटको तुलनामा यस आर्थिक वर्षमा ८६ प्रतिशतले बढी मुद्दा फछ्र्यौट भएको छ।

२. फैसला कार्यान्वयनतर्फ

कैदतर्फ

यस आर्थिक वर्षमा कैदतर्फ १५६११२।१।१० (एक लाख छपन्न हजार एक सय बाह्र वर्ष एक महिना दश दिन) रहेकामा सोमध्ये ५२२७५।१०।०६ (बाउन्न हजार दुई सय पचहत्तर वर्ष दश महिना छ दिन) अर्थात् जम्मा लगतको ३३.४९ प्रतिशत कैद असुल भई १०३८३६।३।०४ (एक लाख तीन हजार आठ सय छत्तीस वर्ष तीन महिना चार दिन) कैद असुल हुन बाँकी रहेको छ। गत आर्थिक वर्ष २८७७७।०।१८ (अठ्ठाइस हजार सात सय सतहत्तर वर्ष १८ दिन) कैद असूल भएको थियो। गत वर्षको कैद असूलको तुलनामा यस आर्थिक वर्षमा ८१.६५ प्रतिशतले बढी कैद असुल भएको छ।

जरिवानातर्फ

यस आर्थिक वर्ष सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने जरिवानाको कूल लगत रू.१५८२४९३८८१६.८२ (पन्ध्र अरब बयासी करोड उन्पचास लाख अठ्तीस हजार आठ सय सोह्र रूपैयाँ बयासी पैसा) रहेकामा सोमध्ये रू.३९२१५६३८४३.०२ (तीन अरब बयानब्बे करोड पन्ध्र लाख त्रिसठ्ठी हजार आठ सय त्रिचालीस रूपैयाँ दुई पैसा) अर्थात जम्मा लगतको (२४.७८ प्रतिशत) असुल भई रू.११९०३३७४९७३.८० (एघार अरब नब्बे करोड तेत्तीस लाख चौहत्तर हजार नौं सय त्रिहत्तर रुपैया असी पैसा) असुल हुन बाँकी रहेको छ। गत आर्थिक वर्ष २३९९११३७७२ (दुई अर्ब उनान्चालीस करोड एकाननब्बे लाख तेह्र हजार सात सय बहत्तर रुपैया) जरिवाना असूल भएको थियो। गत वर्षको जरिवाना असूलको तुलनामा यस आर्थिक वर्षमा ६३.४५ प्रतिशतले बढी असुल भएको देखिन्छ।

३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा सर्वोच्च अदालतबाट ७ वटा उच्च अदालत र सो मातहतका ११ वटा इजलासको निरीक्षण गरिएको छ । उच्च अदालत र सो मातहतका इजलासबाट ७६ जिल्ला अदालत र जिल्लास्थित अर्धन्यायिक निकायहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ।

४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको नियमितरूपमा प्रकाशन गर्नुका अतिरिक्त सर्वोच्च अदालतका महत्वपूर्ण फैसलाहरू वेबसाइटमा समेत राख्ने गरिएको छ। २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेबसाइटमा राखिएको छ ।

५. न्यायपालिकामा विद्यमान समस्या, चुनौती र सम्बोधनका उपायहरू

न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता सम्बन्धमा

नेपालको संविधानले शक्तिपृथक्तिकरणको सिद्धान्तलाई आत्मसात् गर्दै न्याय सम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने संवैधानिक व्यवस्था गरेको छ। साथै, संविधानले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने नीति अवलम्बन गर्दै न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने संवैधानिक व्यवस्था गरेको छ। न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता सर्वस्वीकृत र स्थापित मान्यता हो। नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई संविधानको आधारभूत संरचनाकै रुपमा आत्मसात् गरेको छ।

न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारीको प्रभावकारी सम्पादनका लागि न्यायपालिकाले सुधारका नीति, योजना तथा कार्यक्रमहरु अगाडि सारेको छ। ती कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधन र बजेटको प्राप्ति हुन सकिरहेको छैन। न्यायपालिकाले कार्यक्रमका आधारमा वा कूल राष्ट्रिय बजेटको निश्चित प्रतिशत (एक प्रतिशत) बजेट उपलब्ध गराउन धेरै अगाडिदेखि पहल गर्दै आएको हो। त्यसको सम्बोधन हुन सकिरहेको छैन। न्यायपालिकाले निरन्तर सुधारका योजनाहरु निर्माण गर्ने तर आवश्यक न्यूनतम बजेटको सुनिश्चितता समेत हुन नसकेको कारण योजनाको कार्यान्वयन र अपेक्षित उपलब्धी हासिल हुन सकिरहेको छैन। त्यसैगरी, प्राप्त बजेट आफ्नो आवश्यकता र प्राथमिकता अनुसार खर्च गर्न पाउने स्वायत्तता समेत न्यायपालिकालाई रहेको छैन। बजेटको आन्तरिक परिचालन र रकमान्तरको लागि समेत अनुमतिको लामो प्रक्रिया अवलम्बन गर्नु पर्ने कारणबाट कार्यक्रमहरु समयमा सम्पन्न हुन सकिरहेका छैनन्। तसर्थ, न्यायपालिकाको लागि निश्चित प्रतिशत बजेट विनियोजन सहितको वित्तिय स्वायत्तता र आफ्ना जनशक्तिको कार्यबोझ र संस्थाको आवश्यकता अनुसार परिचालन गर्न पाउने लगायतका प्रशासनिक स्वायत्तता अपरिहार्य रहेको छ।

<u>अदालतहरुको बढ्दो कार्यबोझ सम्बन्धमा</u>

आर्थिक वर्ष २०७४/०७५ मा सबै तहका अदालत तथा न्यायाधिकरणहरुमा गरी २,७६,१४७ **(दुई लाख छयत्तर हजार एक सय सच्चालीस)** मुद्दाको वार्षिक लगत कायम भएकोमा आर्थिक वर्ष २०७५/०७६ मा मुद्दाको वार्षिक लगत ३,७१,०३० **(तीन लाख एकहत्तर हजार तीस)** कायम भएको छ। विगत आर्थिक वर्षहरुको तुलनामा अदालतहरुको कार्यबोझ उल्लेख्य वृद्धि भएको र त्यसको सम्बोधनका लागि विभिन्न प्रयासहरु भएका छन्। ती प्रयासहरुलाई मूर्तरुप दिन सम्बन्धित निकायहरुबाट सार्थक र अर्थपूर्ण सहयोग र सहकार्य हुने अपेक्षा गरिएको छ।

<u>न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा</u>

सर्वोच्च अदालतले २०६१ सालदेखि योजनावद्ध सुधार प्रक्रियाको थालनी गरेको हो। सुधार प्रक्रियालाई निरन्तरता दिने उद्देश्यले न्यायपालिकाको चौथो रणनीतिक योजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइएको छ। न्यायपालिकाको सुधारको विषय हालसम्म पनि राष्ट्रिय विकास कार्यक्रममा प्राथमिकताको विषय बन्न सकेको छैन। न्यायपालिकालाई अनुत्पादक क्षेत्रको रुपमा हेर्ने परम्परागत सोचमा अझै पनि परिवर्तन आएको छैन। त्यसप्रकारको सोचमा परिवर्तन भई न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिम स्रोत साधन प्राप्त हुने अपेक्षा गरिएको छ।

फैसला कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा

न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कार्यान्वयनको विशेष अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयासको कमीका कारण फैसला कार्यान्वयनमा आशातीत सफलता हासिल हुन सकेको छैन। फैसला बमोजिमको दण्ड जरिवाना असुलीको कार्यलाई थप प्रभावकारी बनाउन सम्बद्ध सरोकारवाला निकायको सार्थक सहयोग, सहकार्य र समन्वय प्राप्त हुनेमा विश्वास लिइएको छ।

सर्वोच्च अदालतको भवन निर्माणको गुरुयोजना कार्यान्वयन सम्बन्धमा

सर्वोच्च अदालतको हालको भवन २०१९ सालमा निर्माण भएको हो। वर्तमानको कार्यबोझ, कार्यप्रकृति र कार्यरत जनशक्तिसमेतका आधारमा उक्त भवन अत्यन्त साँघुरो भएको कारण नियमित कार्य सञ्चालन गर्न कठिनाई भई रहेको छ। निरन्तरको प्रयासबाट सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि २०७१ सालमा जग्गा प्राप्त भएको थियो। सर्वोच्च अदालतलाई जग्गा उपलब्ध गराउने नेपाल सरकारको निर्णयसँगै राष्ट्रिय अभिलेखालयलाई अन्यत्र सार्ने निर्णय समेत भएको थियो। सर्वोच्च अदालतको नयाँ भवन निर्माणको सम्पूर्ण तयारी भईसक्दा पनि सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि प्राप्त भएको जग्गामा रहेका राष्ट्रिय अभिलेखालय र पुरातत्व विभाग अन्यत्र स्थानान्तरण हुन नसकेको कारण भवन निर्माणको कार्य प्रभावित भएको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि उल्लिखित निकायहरु अन्यत्र स्थानान्तरण गरी यथाशक्य चाँडो कार्य प्रारम्भ गर्ने वातावरण तयार गर्न र भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन हुन नेपाल सरकार लगायत सम्बद्ध निकायको सहयोगको अपेक्षा गरिएको छ।

मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धमा

न्यायिक प्रक्रियालाई छिटो छरितो, सहज पहुँच र पूर्व अनुमानयोग्य बनाउने उद्देश्यले २०७७ साल साउन १ गतेदेखि जिल्ला र उच्च अदालतहरुमा फरक मुद्दा व्यवस्थापन पद्धति लागू गर्ने लक्ष्य रहेको छ। त्यसका लागि अदालत नियमावलीहरुमा आवश्यक संशोधन तथा दिग्दर्शन, निर्देशिका र सफ्टवेयरहरुको निर्माण कार्यको प्रारम्भ गरिएको छ। हाल सञ्चालनमा रहेको पद्धतिलाई प्रतिस्थापन गरी लागू हुने नयाँ पद्धतिको बारेमा न्यायिक जनशक्तिको क्षमता विकास गर्नुपर्ने अवस्था छ। फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि स्रोत साधनको व्यवस्थापन लगायत सम्बद्ध सबै सरोकारवालाहरुबाट आवश्यक सहयोग र समन्वय हुनेमा विश्वास लिइएको छ।

मुलुकी संहिताहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा

२०७५ साल भाद्र १ गतेदेखि लागू भएका संहिता कानूनहरु प्रभावकारी रुपमा लागू गर्न अदालत नियमावलीहरुको संशोधन लगायत निर्देशिका, दिग्दर्शन तथा मापदण्डहरु निर्माण गरिएको छ। यस बीचमा संहिता कानूनहरुमा संशोधन समेत भएको छ। परिवर्तित सन्दर्भ समेतलाई ध्यानमा राखी न्यायिक जनशक्तिलाई नयाँ कानूनको प्रयोगका सम्बन्धमा तालिम, अन्तर्क्रिया र गोष्ठी लगायतका कार्यक्रममार्फत क्षमता अभिवृद्धि गर्नुपर्ने छ। यस कार्यमा सरोकारवाला निकायहरुबाट आवश्यक सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरिएको छ।

न्यायिक कामकारवाहीमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा

न्यायिक काम कारवाहीलाई प्रभावकारी बनाउने र सेवाग्राहीहरुको सेवा प्राप्तिमा सहजताको लक्ष्यका साथ न्यायपालिकामा सूचना प्रविधिको संस्थागत विकासको प्रयास भईरहेको छ। विभिन्न सफ्टवेयरको निर्माण, सर्भरको स्थापना लगायत सूचना प्रविधि सम्बन्धी पूर्वाधार निर्माण गरिएको छ। प्रतिवेदन वर्षमा हेटौंडामा Disaster Recovery Centre स्थापना भएको छ। न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरूयोजना तयार गरी कार्यान्वयनमा रहेको छ। अनलाईन एवम् भिडियो कन्फ्रेन्स मार्फत वहसको सुरुवात गर्न आवश्यक पूर्वतयारी गरिदैछ। न्यायपालिकाको सूचना प्रविधि सम्बन्धी गुरु योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन प्राप्त हुने कुरामा न्यायपालिका विश्वस्त छ।

विशिष्टीकृत अदालत तथा न्यायाधिकरण सम्बन्धमा

नियमित अदालतको अतिरिक्त अन्य विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरु स्थापना भएका छन्। तर त्यस प्रकारका अदालत तथा न्यायाधिकरणहरुको लागि आवश्यकीय भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन हुन सकेको छैन। त्यसका लागि सम्बन्धित निकायहरुको परिणाममूखी पहलकदमी अपेक्षित छ।

न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धमा

मुलुकी संहिता कानूनहरूको प्रभावकारी कार्यान्वयनलगायत समसामयिक विषयहरुमा न्यायिक जनशक्तिलाई तालिम, गोष्ठी, अर्न्तक्रिया र सम्मेलन सञ्चालन गरी निरन्तर क्षमता अभिबृद्धि गर्नु पर्ने आवश्यकता छ। न्यायिक जनशक्तिको क्षमता विकास सम्बन्धी उच्चस्तरीय तालिम नीतिको प्रभावकारी कार्यान्वयन लगायत न्यायिक जनशक्तिको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकायहरुबाट आवश्यक सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरिएको छ।

न्यायिक निकायको अनुगमन र सुपरिवेक्षण सम्बन्धमा

न्यायिक कामकारवाहीलाई थप चुस्त, दुरुस्त, प्रभावकारी एवम् जवाफदेही बनाउन अनुगमन तथा सुपरिवेक्षणको कार्यलाई समेत थप प्रभावकारी बनाउनु पर्ने हुन्छ। स्थानीय तहका न्यायिक समितिहरुको काम कारवाहीको अनुगमन र सुपरिवेक्षण जिल्ला अदालतहरुबाट भैरहेको छ। न्यायिक सुशासन र गुनासोहरुको प्रभावकारी रुपमा सम्बोधन गर्न थालनी गरिएको सुक्ष्म अनुगमन र निगरानीको कार्यलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्ने आवश्यकता छ।

न्यायमा पहुँच अभिवृद्धि सम्बन्धमा

न्यायको खोजी गर्नुपर्ने अवस्था रहेका तर आर्थिक र सामाजिक कारणले अदालत आउन नसक्नेहरुका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले न्यायपालिकाले विभिन्न रणनीतिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यो उद्देश्य प्राप्तिका लागि सर्वोच्च अदालतमा गठित न्यायमा पहुँच आयोगबाट तर्जुमा गरिएको कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षको सहयोग र समन्वय आवश्यक छ।

मेलमिलाप पद्धतिको प्रभावकारिता सम्बन्धमा

मेलमिलापकर्ताको सहजीकरण र पक्षहरुको संलग्नतामा विवादको स्थायी समाधान गर्ने उद्देश्यले अदालतहरुले आत्मसात गरेको मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्ने आवश्यकता छ। यसका लागि मेलमिलाप समिति तथा मेलमिलाप परिषद्बाट कार्ययोजना बनाई विभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आएका छन्। मेलमिलापकर्ताको क्षमता विकास तथा मेलमिलाप पद्धतिको प्रभावकारिता अभिवृद्धिका लागि अध्ययन अनुसन्धान कार्यलाई निरन्तरता दिइएको छ। यस कार्यमा सम्बद्ध सरोकारवाला पक्षको सार्थक सहयोग र समन्वयको अपेक्षा गरिएको छ।

न्याय सेवाप्रतिको आकर्षणको अभिवृद्धि सम्बन्धमा

न्याय सेवामा वृत्ति विकासको अवसर नहुने भएबाट सहायकस्तरका जनशक्तिलाई लामो समयसम्म सेवामा टिकाई राख्न कठिनाइ भइरहेको छ। न्याय सेवामा उच्च अध्ययन, वैदेशिक तालिम, भ्रमण आदिको न्यून अवसर रहेकोले न्याय सेवालाई कम सम्भावनायुक्त र वृत्ति विकासका दृष्टिले जोखिमपूर्ण सेवाको रुपमा लिने गरिएको छ। न्याय सेवाप्रतिको आकर्षण अभिवृद्धि गर्न न्यायपालिकाले अगाडि सारेका सुधारका कार्यक्रमहरुका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन हुनुपर्ने अपरिहार्यता रहेको छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तालाई न्यायपालिकामा निरन्तरता दिइरहन आवश्यक देखिएको छ।

बाल न्याय प्रणाली सम्बन्धमा

बालवालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारवाही, सुनुवाई र किनारा गर्न वर्तमान कानूनले बाल अदालतको गठन गर्न सक्ने व्यवस्था गरेको भएता पनि हालसम्म छुट्टै बाल अदालतको स्थापना नभएको कारण त्यस्ता विवादहरुको सुनुवाई र कारवाही बाल इजलासबाटै हुँदै आएको छ। बालवालिका पक्ष भएका विवादहरुको संख्या बढ्दो क्रममा रहेका छन्। बालसुधार गृहहरुको उचित व्यवस्थापन हुन सकिरहेको छैन। बालन्याय प्रणालीलाई प्रभावकारी बनाउन तालिम एवम् अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्न तथा बाल इजलासको कारवाहीमा सहभागी हुने बाल मनोविज्ञ वा विशेषज्ञ र समाजसेवीले प्राप्त गर्ने सुविधाको व्यवस्थापन यथाशिघ्र हुनेछ भन्ने अपेक्षा गरिएको छ।

न्यायपालिकाले आत्मसात् गरेका सुधारका प्रक्रिया र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै तिनको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका विश्वस्त छ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। त्यसैले, न्याय प्रणालीको प्रभावकारिता र सक्षमताको विषयलाई न्यायपालिकाभित्र मात्र सीमित गरी एकाङ्गी रूपमा हेरिनु र विश्लेषण गरिनु हुँदैन। न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वयलाई अझ बढी परिणाममुखी र उद्देश्यमूलक बनाउन सम्बन्धित सबैको थप प्रतिबद्धता र क्रियाशीलता आवश्यक छ। न्यायपालिकाले व्यक्त गरेको सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सबै निकायहरुको ध्यान् आकृष्ट हुने नै छ। साथै आवश्यक सहयोग र सहकार्य प्राप्त हुने कुरामा न्यायपालिका विश्वाससमेत प्रकट गर्दछ।

धन्यवाद् ।